जि.प्र.का. द.नं. ०४/०५६/०५७ जि.हु.का.द.नं. ०२/०६४/०६५

विकास, विचार र समाचारको स्वतन्त्र खुराक

# धादिङ आवाज

Dhading Voice Weekly

हाम्रो सम्झना छ ?

अडियो तथा भिडियो डकुमेन्ट्री बनाउनु परेमा राष्ट्रिय स्तरका पत्र, पत्रिकाहरु रेडियो र टेलिभिजनहरुमा सुचना तथा विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

अल नेपाल मिडिया होम प्रा.लि मो. नं ९७५१०७०६९५

मिड याड नेपाल मो.नं. ९७५१०२०९६०

वर्ष १२, अंक १२ २०६७ असार २० गते आइतवार Webside : www.dhadingawaj.com.np 4 july, 2010 पृष्ठ संख्या ८ मूल्य रु. ५।–

## धादिङमा चित्रकला प्रदशनी

**धादिङ (धास)** । युथ नेटवर्क धादिङको आयोजनामा शुक्रबारदेखि सदरमुकाम धादिङवेसीमा शुरु भएको राष्ट्रिय चित्रकला प्रदर्शनी सम्पन्न भएको छ ।

सदरमुकाम धादिङवेसीका निलकण्ठ श्रोतकेन्द्र भवनमा शुरु भएको प्रदर्शनीको युथ नेटवर्क धादिङका सल्लाहकार नविनबन्धु पहाडि, राजेन्द्रप्रताप शाह, टंककुमार श्रेष्ठ, शिव सिलवालले संयुक्त रुपमा उद्घाटन गर्नुभयो । प्रदर्शनीमा विभिन्न ११ जिल्लाका कलाकारहरुले बनाएका ५० वटा चित्रहरु राखिएका छन् ।



दुईदिनसम्म चलेको प्रदर्शनीमा पूर्व मेचीदेखि पश्चीम महाकाली सम्मका भेषभुषा तथा धर्म संस्कृति झल्कने खालका चित्रहरु रहेका छन् । शान्तिका लागि युवा भन्ने विषयका साथ चित्रकला प्रदर्शनी शुरु भएको राष्ट्रिय चित्रकला प्रदहर्शनीका कार्यक्रम संयोजक अमृत अधिकारीले जानकारी दिनुभयो । यस अघि पत्रकार राजेन्द्रप्रताव शाहले जन आन्दोलन ०६२/६३ को फोटो प्रदशनी धादिङ वेशीमा गर्नुभएको थियो । त्यस फोटो प्रदशनीपछि धादिङमा भएको यो दोस्रो फोटोप्रदशनी हो ।

## २०६६ को एस.एल.सी परिक्षाफल प्रकाशित

**धादिङ (धास)** । एस.एल.सी परिक्षा २०६६ को परिक्षाफल शुक्रबार प्रशाशित भएको छ । परिक्षामा सहभागि ४ लाख ५६ हजार ४ सय १९ जनाले परिक्षा दिएकोमा २ लाख ४७ हजार ६८९ परीक्षा उत्तीण भएका छन् । प्रतिशतका हिसाबले यो ६४ दशमलव ३१ प्रतिशत रहेको छ । अहिले परीक्षा नियन्त्रण सानो ठीमीमा परीक्षाको औपचारिक घोष्णा गरिने तयारी भइरहेको छ ।

यसैबिच धादिङ जिल्लामा कूल ६ हजार १ सय २० जना विद्यार्थीले एस.एल.सी परीक्षा दिएका थिए । जिल्ला शिक्षा कार्यालय धादिङका अनुसार परीक्षामा नियमित तर्फ ५ हजार १ सय ४० र एक्जाम्टेड तर्फ ९ सय ८० जना विद्यार्थीले परिक्षा दिएका हुन् । एस. एल.सी परीक्षामा धादिङ जिल्लाबाट ३ हजार ६ सय ८६ जना विद्यार्थी उर्त्तिण भएका छन् । धादिङ जिल्लाका ९६ वटा विद्यालयबाट ४ हजार ६ सय ५२ जना विद्यार्थीहरु सहभागी भएका थिए । धादिङ जिल्लाबाट यस वर्ष ९२ जना विशिष्ट श्रेणी, छ सय ५२ जना प्रथम श्रेणी, १८ सय १० जना द्वितिय श्रेणी र एक सय बत्तिस जना तृतिय श्रेणीमा उर्त्तिण भएका छन् । धादिङ जिल्लाभरको परिक्षाफललाई हेर्दा अघिल्लो वर्षको तुलनामा १५ प्रतिशत उर्तिण संख्या बढेको छ ।

अघिल्लो वर्ष ४३ प्रतिशत उर्त्तिण भएको ठाउँमा यो वर्ष ५८ प्रतिशत उर्त्तिण भएको जिल्ला शिक्षा कार्यालय धादिङका दिपेश सिलवालले जानाकारी दिनुभयो । एस.एल.सी परिक्षाको परिक्षाफल प्रकाशित भएपछि सँधै विवादमा आउने गरेको भएपनि केही वर्ष यता त्यस्तो भने भएको छैन । सरकारी विद्यालयबाट भन्दा निजि विद्यालयहरुबाट एस.एल.सी परिक्षाको परिक्षाफलमा वृद्धि भैरहेको छ । यसरी हेर्दा सरकारी शिक्षाको गुणात्मक पक्ष सुधार गर्नुपर्ने देखिन्छ ।

## हर्षित छु म



बाबुराम बहादुर बस्नेत र आमा रुकमणी बस्नेतको कोखबाट जन्मीएका गजेन्द्र बस्नेत २०६६ सालको प्रवेशीका परिक्षामा धादिङको चिल्डेनपार्क आवसिय उच्च मा.वि. बाट सहभागी भई विशिष्ट श्रेणीमा पास हुनु भएको छ । उहाँले ८९.८७५ प्रतिशत प्राप्त गरी जिल्ला प्रथम समेत हुनुभएको छ । जिल्ला प्रथम भएपछी धादिङ आवाज साप्ताहिकले उहाँसँग गरेको कुराकानीको सार अंश-

**कस्तो अनुभव गर्नभएको छ ?**

-अत्यन्तै खुसी भएको छु । परिक्षा दिँदा गरेको अपेक्षा भन्दा बढी नम्बर प्राप्त गरेको छु । त्यो विषयमा अझ बढी हर्षित छु ।

**तपाईको सफलतामा सबैभन्दा बढी आभार कसप्रति व्यक्त गर्नुहुन्छ ?**

-जसले मलाई जन्मदिनु भयो र हुर्काएर आज यो ठाउँमा ल्याउनु भयो मेरो बुबा आमा अनि अध्यापन गराउने गुरुवर्ग र सँगै अध्ययन गर्ने साथीहरु प्रति आभार प्रकट गर्दछु ।

**भविष्यमा के बन्ने लक्ष्य राख्नुभएको छ ।**

-मेरो रुचिको विषय इन्जिनियरिङ रहेको छ । परिवार सँगको सल्लाह गुरुहरुको सुझाव र मेरो रुचीमा परिवर्तन भयो भने अन्य विषय पनि हुन सक्छ ।

**-अत्यमा के भन्न चाहनुहुन्छ ?**

सहयोग गर्नुहुने सबैप्रति धन्यावाद दिन चाहन्छु । सबैको सल्लाह सुझाव नियमित सहयोगको अपेक्षा राखेको छु ।

## निमन्त्रणा नगर्न आग्रह

**धादिङवेशी (धास)** । जिल्ला विकास समिति धादिङले सार्वजनिक सुचना जारी गरी औपचारिक कार्यक्रममा निम्तो नगर्न आग्रह गरेको छ । जिल्ला विकाश समितिको भित्ताहरुमा टाँसिएको सुचनामा आर्थिक वर्ष २०६६/०६७ को अन्तिम महिनामा कार्यालयको



यस जिल्ला विकास समितिमा कामको चाप अत्यधिक मात्रामा बढेको हुदा जनताको सेवा सुविधा लाई ध्यानमा राखी यो आ.व. ०६६/०६७ भित्र कुनै किसिमको निमन्त्रणा नगरि दिनु भई कार्यालयको काममा आवश्यक सहयोग गरि दिनु हुन अनुरोध छ ।

कार्य व्यवस्थतले गर्दा त्यस्तो आग्रह गरिएको उल्लेख छ । आधिकारीक लेटर प्याड र हस्ताक्षर नगरिएको उक्त सुचनाबाट कार्यक्रममा निमन्त्रण दिन गएकाहरु बाटोमानै बिच्कीएका छन् ।

यसरी सार्वजनिक रुपमा कार्यालयमा निमन्त्रण नगर्न अनुरोध गरिएको जिल्ला विकास समिति धादिङको पहिलो घटना हो । यस विषयमा कार्यालयका अधिकृतहरुसँग जानकारी राख्न खोज्दा आफुहरु अनविज्ञ रहेको बताए ।

## घटनाका पिडितहरुको प्रारम्भिक विवरण सार्वजनिक

**धादिङवेशी (धास)** अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले सदरमुकाम धादिङवेसीमा सशस्त्र द्वन्दको समयमा घटेका घटनाका पिडितहरुको प्रारम्भिक विवरण सार्वजनिक गरेको छ । जिल्लाका सरोकारवालाहरुबिच गरिएको एक कार्यक्रममा इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारीले घटना विवरण सार्वजनिक गर्नु भएको हो ।

तत्कालिन नेकपा माओवादीले शुरु गरेको सशस्त्र युद्ध २०५२ साल फागुन १ गतेदेखि वृहत शान्ती सम्झौता २०६३ साल मंसिर ५ गतेसम्म विभिन्न पक्षबाट घटाइएको घटनाका पिडितहरुको विवरण सार्वजनिक गरिएको थियो । इन्सेक प्रतिनिधि अधिकारीले अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले ऐतिहाँसिक दस्तावेजको रुपमा तयार पार्न लागेको पुस्तकमा धादिङ जिल्लाका पिडितहरुको विवरण समावेस गर्ने उद्देश्यले तयार पारेको भिक्टीम प्रोफाइलमा छुटेका कुराहरुलाई समावेस गर्न र विवरण सच्याउनु पर्ने विषय भए सच्याइदिन आग्रह गर्नुभयो । अधिकारीले घटनाको विवरण संकलन गर्दा विभिन्न सरोकारवालाहरुसंग विवरण लिइएको र सबै पीडितको घर-घरमा पुगेर संबिन्धित पक्षसंगबाट जानकारी लिइएको बताउनु भयो । कार्यक्रममा धादिङका प्रमुख जिल्ला अधिकारी भरत पौडेलले भिक्टीम प्रोफाइल पछिसम्मका लागि दस्तावेजको रुपमा रहिरहने भएकोले घटनाको सत्य-तथ्य प्रमाणित गरेर मात्र प्रकाशन गर्न इन्सेकसंग आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागिहरुले भिक्टीम प्रोफाइलमा थपघट गर्नु पर्ने कुराहरुमा सुझाव दिनु भएको थियो । कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रमुखहरु, मानव अधिकारकर्मिहरु र सञ्चारकर्मिहरुको सहभागिता रहेको थियो ।

अब तपाईहरुको लागि

धादिङ आवाज साप्ताहिक प्रत्रिका

Webside : www.dhadingawaj.com.np मा पनि

प्रकाशक : नवराज छत्कुली (९७५१०२०९६०)
सल्लाहकार : ध्रुवबहादुर थापा
गोपाल लम्साल
सम्पादक : के.पि. दुवाडी (०१०-५२०६१५)
कार्यकारी सम्पादक : राजाराम शर्मा (९८४१०६३८९७)
सहसम्पादक : दामोदर अर्याल (९८४१३४४६३५)
व्यवस्थापक : शंकर श्रेष्ठ (९८४१७१७९२५)
विशेष सहयोगी: अर्जुन श्रेष्ठ (गोर्खाली)
बजार प्रतिनिधि : विकास श्रेष्ठ (९८४१०६३८९८)
फोन/फ्याक्स : ०१०-५२०६१५
E-mail : dhadingvoice@gmail.com
मुद्रक सरस्वती छापाखाना धादिङबेंसी
फोन: ०१०-५२०२५९, ५२०६८४,सुगमटोल,धादिङ
कम्प्युटर सेटिङः : रीता लम्साल
अधिकृत विक्रेता : त्रिपुरा पुस्तक पसल, धादिङवेसी
Webside : www.dhadingawaj.com.np

## सम्पादकीय.........

### मानव अधिकारको सम्मान गरौँ

समाजका गतिविधिहरु सभा सरकार र राज्यले दिएका सुविधाहरु तथा संविधान, ऐन, कानूनले दिएका अधिकारको प्रयोग गर्नमा पहुँच नभएका वर्ग नै समाजका कमजोर वर्ग हुन्। हामो विद्यमान संविधानले महिला, बालबालिका अपाङ्गता भएका, वृद्धवृद्धा र सामाजिक तथा आर्थिक रुपले पछाडी परेका र पारिएका असाहाय उत्पिडित, जाती जनतातीलाई माथि उठाउन सरकारी तथा गैर सरकारी निकायहरुले विशेष व्यवस्था गर्न सक्ने गरी कानून बनाउन र कार्यान्वयन गर्न आवश्यक छ।

हुन त यी सबै कुराहरु संवैधानिक व्यवस्था भए पछि पूरा हुने हो तर मूलकुकमा संविधान बन्ने कुरामा थुप्रै आशंकाहरु उठ्न थालेका छन्। समाजमा हरेक वर्ग, सम्प्रदाय, लिंग वर्ण, थर, जातजाति र क्षेत्रको नागरिकलाई न्याय दिलाउनका लागि यो आवश्यक छ। यसैगरी गाउँ, समाज र टोलमा कसैले कसैलाई काम लगाएपछि त्यो काम गरेवापत उसको श्रमको मुल्य दिनुपर्छ। कसैलाई पनि उसको इच्छा विपरित जवरजस्ती काममा लगाउन पाइँदैन। भन्ने कानूनी मान्यता छँदाछदै पनि हाम्रो समाजमा यसमा परिवर्तन आउन सकिरहेको छैन। मानिस जन्मजात स्वतन्त्र प्राणी हो। आफ्नो जिउ धनको अधिकार ऊ आफैँमा हुन्छ। मानिस जन्मैले समान छ र स्वतन्त्र छ। मानिसले मानिस प्रति छुवाछुतको व्यवहार गर्नु कानून र सामाजिक संरचना विपरित हो। मानिस जन्मे पछि मृत्यु स्वभाविक छ।

तर त्यो मृत्यु काल गतिले हुनु पर्छ। पछिल्लो समयमा देशका थुप्रै ठाउँमा हत्या हिंसा बढेको छ। यसले समाजमा कुरितीको विकास भएको छ र मानव अधिकारको घोर उलंघन भएको छ। जति सुकै शान्ति र विकासका कुरा गरे पनि दण्डहिनताको अवस्था र आपराधिक कार्यको विकासले जघन्य घटनाहरु बढिरहेका छन्। अब पनि हामी सँधै मानव अधिकारका लगि भनेर लडिरहनु पर्ने हो र ? अब त सबैले मानव अधिकारको सम्मान गर्न सिकौं।

# मागै मागको चाँङमा देश

## दृष्टिकोण

✍.बद्रीप्रसाद दाहाल



नेता चिन्तननै दाताका हाता छिरेर अलक बम ! बम ! भन्न लाज नलाग्ने लाजप्रुफ बनेकैले नेपाल ठूलो मगन्ते देश भनेर विश्वसामु डामिएको छ। त्यसैले अहिले भर्खर जन्मने बच्चाले आमाको पाठेघरबाट, निस्किएर च्याहाँ गर्ने बित्तिकै १५ पन्ध्र हजारको विदेशी ऋणको भारी यहाँ ! यहाँ ! भनेर कमाण्ड गर्छ। टाउकैपिच्छै ऋण भिराएर आफ्ना सुदिन बनाउने सर्दार नेता भने जुँगा मिलाउँदै टाइसुटमा कुम हल्लाउँछ।

लाज, घिन र डरबाट हरहर बनेका नयाँ टाकुरेहरु विश्वका सबै समाजवादी व्यवस्थाको प्रगतिशील पक्षलाई अँगाल्ने ढ्याङ्ग्रो ठटाएर आफै बोक्सी आफै झाँक्रीको अभिनय गरिरहेका छन्। समय समयमा रमणीसमेतको विदेश भ्रमण, अनि थरी- थरीका डोनर एजेन्सीसित आफ्ना आईएन्जिओ ,एनजीओहरुलाई मनग्गे बजेट फेरि उनीहरुको धर्म संस्कृतिको प्रचार गर्ने भनेर आफ्नो धर्म , संस्कृति , समाजै खलल पुऱ्याउने गरी ल्याईने धनराशि, पार्टीलाई माध्यम बनाएर व्यक्तिगत रुपमा डलरको खेती गरेर नयाँ काला कुबेर बन्ने कथित नेता -चर्याले उधुमै मच्चाएको छ बा ! यसरी आफ्नो मौलिकपनमा हुरी बतास चलाएर मात्र हरियो डलर खेतीले सप्रिएका केही संभ्रान्तगणलाई न्यायको घेरामा ल्याएर राष्ट्रियकरण गर्न अवेला भै सक्यो। यी भुँइफुट्टावर्गले देशमा ध्वंशात्मक द्वन्द्व उक्साएर सिर्जनात्मक द्वन्द्वलाई डाँडाकटाउने कसरत गरिरहेको देख्दा कुन खाँटी द्वन्द्ववादी रन्थनिदैन र ? अगुवानै अलक , बम बम ! भनेर लाजहराम भै हामवादमा सरिक हुन्छ भने त्यसका पछौंटे भई टोपलिएका हामी पनि सर्दारी सरकारमा थरीथरीका मागका चाङ लिएर भाङ पिएको भँगडी झैं सडकमा उत्रिएर जाम मच्चाउँदै आफ्नो शक्तिको पहिचान दिई हाल्छौ। भर्खर राहत दरबन्दीका आह्त शिक्षकहरुले देशभरका शिक्षा कार्यालयमा अनिश्चितकालीन तालाबन्दी लगाएर पठन पाठनमा मन्दी ल्याएका छन्। स्थायी शिक्षकसरहका तलब , भत्ता तथा सुविधाका मागका चाँङ लगाएर डाङ-डाङ र डुङ-डुङका भिडन्तमा आफ्ना याचनालाई लबस्तरो सरकारका पाउ बिन्ती बिसाएका छन्। उता विशिष्ट भै टोपलेका अशिष्ट कर्मचारीतन्त्रका धुरी व्यक्तित्व सचिवहरु आफूलाई मासिक ६० साठी हजार तलब नदिए भ्रष्टाचारवृत्तिलाई दिन दुगुना रात चौगुना बढाउन सक्ने माग र हाँक पछारेर प्रधानमन्त्रीसितको अन्तर्क्रियामा ( भित्री बाझा बाझमा) डुग्रिएका छन्। यसैगरी दोषी चालकलाई कार्वाही गरी क्षतिपूर्ति भराउन र दुर्घटित व्यक्तिलाई सहिद घोषणा गराउन सडकजाम गरेर दूरदूरका यात्रुलाई राम ! राम ! भन्नु पर्ने स्थितिको सिर्जना गर्दै कयौं ठाउँमा घटनैपिच्छे उर्लिएका मागका चाँङले कानूनी राजलाई गतिलै थप्पड कसिरहेको छ।

केही बुज्रुक महिला टोलीले ०६७०६८ को राष्ट्रिय नीति तथा कार्यक्रम महिला मैत्री बनाउन यो लिङ्गविहीन सरकारलाई सुझावसहित मागपत्र प्रस्तुत गरेर आफ्नो सत्र पार्न कस्सिएका छन्। यही स्वर्णिम सन्दर्भमा दलका केही मुखिया दुःखिया भएर आफ्नो अह्रैटे, भरौटे, छेरौटे र केटौले व्यक्तित्वलाई सहमति ,सहकार्य र संझौताको रङ्गीन पर्दाले ढाकिएर यो सङ्गीन घडीको प्रमं नेतृत्व मलाई चाहिन्छ भनेर मागका चाँङमा गूटबन्दी मार्फत भेलाका खेलाहरु मच्चाइरहेका छन्। तीन ठूला दल भनी अभिमान गर्ने साँढेहरु शान्तिका दूत हौं भन्दै सहमतिको लागि सहमतिको बैठक भनेर मायावी भेला भरेको भर्‍यै छन्।

अन्तरक्रिया, बाह्यक्रिया, कचहरी, परामर्श , विमर्श थरी थरीका नाममा बाझाबाझ चलाए जस्तो गरेर विकास बजेटको ४०% भाग आफ्ना पेटमा निकास गर्न स्रोतान्तर र शीर्षकान्तरको ड्रामा मञ्चन गरिरहेका छन्। कृषिप्रधान देश भनेर भाषणमा आसनै विटुल्याउने गरी मडारिने सरकारचालक अबिरेहरु खेतिपातीको मौसममा किसानलाई मल बिउ दिनुभन्दा पुतिसको कठबाँस, हवाइफायर, अश्रुग्याँस र बारुदले टिकिच्याँस पारेर पुरुषार्थ देखाइरहेको छ। किसानका तमाम मागलाई युद्धको हाँक सम्झने पाखण्डीरुको लोकतन्त्रको व्याख्या मजैसित बेवारिसे छ। राष्ट्रका झन्नै पचासहजार भन्दा बढी होनहार युवा दक्षिण कोरिया जान पाँऊ भनेर फाराम भर्ने देख्दा सरकार चलाउने यी हराम आर्थिक वर्षको बजेटमार्फत केही आशाको सन्देश दिन चाहँदैनन्।

युवा बेरोजगार झन् बढाएर सबैलाई पराइदेश लखेटी अपाङ्ग, बूढा, अनाथ भुरा , अशक्त आईमाईमाथि शासन चलाएर आफ्नो आसन दह्रो बनाई राशन भकुर्ने अगस्तिहरुको तमासा चलेको चल्यै छ। सञ्चारको बखान गरेर नथाक्ने प्र.म. लगायतकहाँ भर्खरै मुलुकभरका रेडियोकर्मीले स्वधर्मी माग राखेर आफ्नो प्रार्थनालाई सुनाए। तेश्रो देशबाट किनील्याएको न्युजप्रिन्ट ठूलदाइले हाईदाई पारे। हाम्रो त पत्रिका नै नछापिने भयो भनेर आशालु संचारउद्यमी नेतृत्वका ठेक्दारकहाँ हार गुहार गर्नुपर्ने बाध्यता सिर्जना गरिरहेका छन्। विद्यालयहरुले शुल्कमा अराजकता मच्चाए भनेर न्यायको माग अभिभावकले गरेको वर्षौं वितिसक्यो , श्रमजीवीका साधिकार प्रार्थनापत्र अलपत्र पारेर सरकार खलकपूर आफै भकुर्न तल्लीन छ। एकल महिला , जनजाति, सीमान्तकृतवर्ग , दलित , बोक्सी र डङकिनीको आरोप खेपिरहेका कयौं आमा आफ्ना साग्रह अनुरोध गरेको गऱ्यै छन् , सरकार कानमा तेल हालेर प्रतिरोधमा उत्रिएको उत्रियै छ। प्रतिपक्षी दलहरु एकसूत्रीय माग सत्ता ! सत्ता ! भनेर चिच्याइरहेका छन्। मागै मागको चाङले देश थिच्चिने किच्चिने र मिच्चिने स्थितिमा छ। आगत पक्षका - माग, समर्थन , वातावरण , पुनर्निवेश अनि निर्गत पक्षका - नीति, निर्णय , परिवेशको यतिखेर क्रम भ्रम हुँदा देश याचना , माग, साधिकार आग्रह , प्रार्थना देखेर गुहार ! गुहार ! भन्न मात्र बाँकी छ। मागै मागको यो झाँगमा संघीय लोकतान्त्रिक गणतन्त्र सेपलागेर ख्याउटे भएको छ राउटे जस्तै लोप हुने स्थितिमा छ।

# ४४ जना बालबालिकाहरुलाई अध्ययन सामग्री वितरण

**साङ्कोष (धास)**। जिल्लाको सांकोष गाउँ विकास समिति वडा नम्वर २ को नवदुर्गा प्राथमिक विद्यालयका ४४ जना बालबालिकाहरुलाई प्रयास नेपालले विश्व शिक्षाको सहयोगमा विद्यालय अध्ययन सहयोग सामग्री वितरण गरेको छ।

विद्यालयमा आयोजित एक कार्यक्रममा प्रमुख जिल्ला अधिकारी एवं जिल्ला बालकल्याण समिति धादिङका अध्यक्ष भरत पौडेलले गरिव तथा जेहेन्दार बालबालिकाहरुलाई विद्यालय अध्ययन सहयोग सामग्री वितरण गर्नुभएको हो। अध्ययन सहयोग सामग्रीमा प्रत्येक विद्यार्थीलाई विद्यालय पोशाक १ थान, कापि आधा दर्जन, कलम तथा पेन्सिल १/१ प्याकेट, ज्यामिति बक्स तथा झोला लगायत रहेका छन्। प्रयास नेपालले विश्व शिक्षाको सहयोगमा नयां बाटो नयां पाइला कार्यक्रम अर्न्तगत आर्थिक अवस्था कमजोर भएका अभिभावकका बालबालिकाहरुलाई सहयोग सामग्री वितरण गर्दै आएको प्रयास नेपालका कार्यकारी निर्देशक दामोदर अर्यालले बताउनुभयो। सहयोग सामग्री वितरण गर्दै प्रमुख जिल्ला अधिकारी भरत पौडेलले आर्थिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई विद्यालय अध्ययन सहयोग सामग्री वितरण गरेर प्रयास नेपालले राम्रो प्रयासको थालनी गरेको बताउनुभयो। सो अवसरमा जिल्ला शिक्षा कार्यालयका निमित्त जिल्ला शिक्षा अधिकारी शिव रेग्मी, जिल्ला विकास समिति धादिङका सामाजिक विकास अधिकृत विनोद अर्याल तथा नीलकण्ठ उच्च मावि श्रोत केन्द्रका श्रोत व्यक्ति भुपेन्द्र कुमार श्रेष्ठले पनि अध्ययन सहयोग सामग्री वितरण गर्दै आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई विद्यालय अध्ययन सहयोग सामग्री वितरण पछि ठुलो सहयोग पुगेको बताउनुभयो। नवदुर्गा प्राथमिक विद्यालयमा अधिकांश मजदुर परिवारका बालबालिकाहरु अध्ययनरत रहेका विद्यालयकी प्रधानाध्यापक ज्योति पौडेलले बताउनुभयो। यस अघि प्रयास नेपाल धादिङले जिल्लाको कल्लेरीमा रहेको हांडीखोला प्राविका १० जना, कल्लेरी ३ को सरस्वती माविका ४२ जना, अन्नपूर्ण प्रावि कुम्पुर ९ का १७ जना, बालबालिकाहरुलाई पनि विद्यालय सहयोग सामग्री वितरण गरेको संस्थाका अध्यक्ष सुनिता कडेलले बताउनुभयो।

# एमालेको धर्मसङ्कट र भावी दिशा

.पुरुषोत्तम पौडेल

## राजनीति

नेपाल कम्युनिस्ट पार्टी (एमाले) अहिले धर्मसङ्कटमा रहेको छ। संयुक्त सरकार र संविधानसभाको समेत नेतृत्व गरिरहेको पार्टीले अहिले खेल्नुपर्ने भूमिका सशक्त, प्रभावकारी तथा नेतृत्वदायी हुनुपर्नेमा दुईमत छैन। आठौं राष्ट्रिय महाधिवेशनले निर्दिष्ट गरेका महत्वपूर्ण पाूच कार्यभारहरू पूरा गर्नुपर्ने जिम्मेवारी बोकेको पार्टी विवादस्पद तथा नीति विपरीतका कतिपय सरकारी काम कारवाहीका कारण विवादमा फसेको छ। महाधिवेशनलगत्तै महाधिवेशनका निर्णय र विधानका सवालमा विभाजित मनस्थितिमा देखिएका एमालेका नेताहरूका कारण कार्यकर्ता र जनता अप्ठरोमा परिरहेका छन्। मुलुकको नेतृत्व गरिरहेको र सरकार सञ्चालन गरिरहेको प्रमुख पार्टी भएकाले आम नेपाली जनताको यसप्रति चासो र चिन्ता बढ्नु स्वाभाविकै हो। एक वर्षअघि नेकपा( एमाले) सरकारको नेतृत्वमा स्थापित भएको हो। शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन र नयाू संविधान निर्माण गर्न राष्ट्रिय सहमति कायम गर्ने लक्ष्यसहित गठित वर्तमान सरकार दुवै काममा असफल सावित भएको छ। एक वर्षसम्म माओवादीले राष्ट्रिय सहमति कायम गर्न नसकेको भन्दै २२ दलको सहमतिमा सरकारको नेतृत्व सम्हालेको पार्टी जेष्ठ १४ गते संविधान घोषणा गर्ने दिनसम्म दुवै काममा अलमलिएको छ। राष्ट्र र जनताका सरोकारका महत्वपूर्ण एजेन्डाहरूमा विवादास्पद टिप्पणी गर्नु र एउटै विषयमा प्रमुख नेताहरूवाट विभिन्न किसिमका विचारहरू बाहिर आउनुले पार्टीलाई अप्ठ्यारोमा मात्र पारेको होइन कि त्यसले नेताहरूको हैसियतसमेत खस्किएको छ।

कुनै पनि पार्टीभित्र वैचारिक बहस र विवाद हुनु स्वाभाविक हो। विचारको सङ्घर्ष र बहसविना मार्क्सवादी पार्टी जीवित रहन कठिन हुन्छ। त्यसमा पनि अहिलेको सङ्क्रमणकालमा विवाद र बहस रहित एकल पार्टीको कल्पना गर्नु सपना मात्र हुन्छ। त्यसैले होला मार्क्सवादले द्वन्द्वभित्र मात्र जीवन र समाजको भविष्य देखेको छ। सरकार, राज्य सबै द्वन्द्वका उपज हुन् र द्वन्द्वले नै यिनलाई जीवित राखेको हुन्छ। विशेष गरी अहिले देशको समस्या समाधान गरी निकास दिने सम्बन्धमा बहस चल्नु असान्दर्भिक पनि होइन। तर, बहस र विवादका नाममा पार्टीलाई कमजोर बनाउने काम गर्न कदापि मिल्दैन। आज नेपाली जनताको एकमात्र चासो नयाू संविधान हो। नयाू संविधानविना अब मुलुकले नयाू दिशा पाउन सम्भव छैन। मुलुकलाई आर्थिक विकासमार्फत समृद्ध नेपाल निर्माण गर्दै जनताको न्यूनतम आवश्यकता पूरा नगरिकन कसैले पनि चैनको सास फेर्न पाउने अवस्था छैन। नयाू संविधानमार्फत समृद्ध नेपाल निर्माण गर्न माओवादी लडाकु समायोजनसहित शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन आवश्यक छ। अहिलेको संसदीय बनोट र संविधानसभाको अवस्था अनुसार तीन ठूला पार्टीको सहमति तथा समझदारी विना शान्ति र नयाू संविधान निर्माण असम्भव भएको कुरा सबैलाई थाहा छ। सहमति र सहकार्य विना अघि बढ्ने कुनै आधार नभए पनि किन नेपाली राजनीतिमा त्यसलाई स्थापित गर्ने आधार खोज्नुको साटो अस्वीकार गर्ने प्रवृत्ति हावी भइरहेको छ ? त्यसमा पनि संविधानसभाको तेस्रो ठूलो पार्टी नेकपा (एमाले) जसले दुई ठूला दलसहित सबै राजनीतिक शक्तिहरूलाई सहमतिमा ल्याउने काममा ध्यान दिनु आवश्यक थियो। त्यतातिर कुनै सार्थक प्रयास हुनसकेको छैन। केवल बहुमत पुर्‍याएर सरकार बचाउने मात्र कामले मुलुकलाई डरलाग्दो समस्यामा फसाउने खतरा मात्र देखिइरहेको छ।

त्यसो त नेपालमा मिलीजुली सरकारले अहिलेसम्म सकारात्मक परिणाम दिएको पाईंदैन। २०५२ सालपछि बनेका संयुक्त सरकारहरू लामो समय टिक्न सकेनन् र तिनले कुनै राम्रो परिणाम पनि दिन सकेनन्। संविधानसभाको निर्वाचनअघि पनि हाम्रो देशमा तीन ठूला दलको मिलिजुली सरकार नबनेको होइन। बाद्यात्मक व्यवस्था अनुसार बनेको उक्त सरकारले संविधानसभाको निर्वाचन गराएर आजको गणतन्त्रात्मक अवस्थामा मुलुकलाई लिएर आए तापनि राजीनामा, वहिर्गमन र अनेकाै झमेलाहरू खेप्दै आएको हो। संविधानसभाको निर्वाचन पछि त सरकार गठन गर्ने प्रक्रियामै ढिलाइ भयो। सरकार गठन गर्नुपुर्व जबरजस्ती संविधान संशोधन गरी सहमतीय पद्दतीलाई बहुमतीय पद्दतीमा तान्ने काम गरियो। सहमतीय पद्दतीबाट अघि बढ्ने र संविधान लेख्ने जनादेशलाई समेत ख्याल गरिएन। जसको परिणाम आज मुलुकले व्यहोरिरहेको छ। आम नेपाली जनता अन्योलमा परिरहेका छन्। र, राष्ट्र विचल्लीमा पर्दैछ। जनता सामु ठोस प्रतिबद्धता गरेर आएका राजनीतिक दलहरूले जनतालाई अन्यौलमा राख्ने अधिकार पाउदैनन् र तिनले मुलुकलाई बन्दी बनाउन पनि पाउदैनन्। पार्टी वा नेताले देशलाई बाटो दिनसक्नु पर्दछ। आफूले समस्या समाधान गर्न सकिंदैन देशलाई दिशा दिन सकिंदैन भने अरूलाई काम गर्ने अवसर दिनुपर्दछ। अहिले नेपालको स्थिति आफू पनि नगर्ने र अरूलाई पनि गर्न नदिने ठाउमा पुगेर अड्किरहेको छ। नेपाली जनतालाई यो अवस्था कदापि मान्य हुदैन। नेपाली जनता कुनै दल विशेषका खास नेताको इच्छापूर्तिका लागि पीडित बन्न बाध्य छैनन्। नेपाली जनता सार्वभौम नागरिक हुन् र दलहरू जनताका सेवक हुन्। जनताको सेवा गर्नुपर्ने दलहरूले लामो समयसम्म जनतालाई अन्यौलमा राख्न पाउदैनन्।

आज देशका सबैजसो दलहरू आन्तरिक कारणले जनतालाई पीडा दिइरहेका छन्। नेपाली काङ्ग्रेसभित्रको किचलो लुकाउन लोकतन्त्रको फलाको हाल्दै जनतालाई अन्योलतातर्फ धकेल्ने कारक बनिरहेको छ। नेकपा (माओवादी) नयाू नेपालको खोल ओढेर आफ्नो सत्ता प्राप्तिको अतृप्त इच्छा पूरा गर्ने चाहमा मात्र केन्द्रित छ। र, सहमतिमा आउनुको सट्टा अनावश्यक किचलो झिकिरहेको छ। अरू साना दलहरू वर्तमान सरकारलाई टिकाइराख्ने र यसैको आडमा आफ्नो स्वार्थ सिद्ध गर्न चहान्छन्। सरकारको नेतृत्व गरिरहेको नेकपा(एमाले) ठूलो विवादमा देखिन्छ। यद्यपि ऊ सहमतिको सरकार निर्माणका लागि प्रयासरत देखिन्छ। बहुमतीय सत्ता सझेदारीको एक वर्षसम्म पर्खिरहेका जनताका लागि अब पर्खने समय छैन। उनिहरू अब मुलुक सहमतीय बाटोबाट अघि बढेको हेर्न चाहान्छन्। देशमा लामो समयसम्म सङ्घर्ष, त्याग र तपस्या गरेका भनिएका नेताहरूसूग थोरै पनि जनताप्रतिको चिन्ता बाूकी भए अब ढिला नगरिकन सोच्ने वेला भइसकेको छ। नेताहरूले मुलुकलाई केही दिन चाहान्छन् र साूच्चै उनीहरू निहित स्वार्थका लागि निर्लिप्त छैनन् भने तत्काल सहमतिको बाटोमा आउन र मुलुकलाई निकास दिन गम्भीर हुनैपर्दछ। नेकपा (माओवादी)ले अब सेनाको मालिक कहलाउने र हिंसात्मक चरित्रका नायककै रूपमा चिनाइराख्ने बारे सोच्न छाड्नुपर्दछ र आफूलाई शान्तिपूर्ण राजनीतिमा होम्न तयार हुनुपर्दछ।

सत्ताको नेतृत्व गरिरहेको दल नेकपा (एमाले)ले आफुलाई अझ जिम्मेवार बनाउनुपर्दछ र समस्या समाधानका निम्ति पहल गर्न विशेष जिम्मेवारीबोध गर्नुपर्दछ। घरको मुली हुनेले सबैका कुरा सुन्ने र चित्त बुझाएर अघि बढ्ने कामसमेत गर्नुपर्दछ। 'मेरो गोरुको बाह्रै टक्का' भन्दै 'जो अगुवा उही बाटो ....... हुनु आजको आवश्यकता होइन। पार्टीभित्र जस्तासुकै समस्या भए पनि पार्टीलाई एकताबद्ध बनाउन र सहमतिबाट समस्याको समाधान निकाल्ने जनादेश पालना गर्न जुनसुकै त्याग गर्न प्रधानमन्त्री र सरकार तयार हुनुपर्दछ। दुनियाूको इतिहासले यस्ता थुपै दृष्टान्तहरू देखाएका छन्। कहिलेकाहीं त अरूका राम्रा कुराबाट पनि सिक्दा राम्रो हुन्छ। *बुधबारबाट*


हार्दिक बधाई तथा शुभकामना

२०६६ सालको SLC परिक्षामा सुनगाभा एकेडेमीबाट सम्मिलित भई तीन जना विशिष्ट श्रेणी सहित प्रथम श्रेणीमा उत्रीर्ण भई सतप्रतिशत नतिजा ल्याउन सफल भएका सम्पूर्ण विद्यार्थीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछौं। साथै भविष्यमा पनि शैक्षिक विकासलाई निरन्तरता दिने विश्वास सहित उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

रामकृष्ण अधिकारी
सञ्चालक अध्यक्ष

बद्री लम्साल
सहायक प्रिन्सिपल

तुलसीप्रसाद अधिकारी
व्यवस्थापन अध्यक्ष

एवं
सुनगाभा एकेडेमी परिवार



हार्दिक बधाई तथा शुभकामना

यस किबो इन्टरनेशनल स्कुलबाट २०६६ सालको एस.एल.सी. परिक्षामा सामेल भएका परिक्षार्थीहरू पाँच जना उत्कृष्ठ श्रेणी सहित शत प्रतिशत प्रथम श्रेणीमा उतिर्ण हुन सफल भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं।

रामकृष्ण अधिकारी
अध्यक्ष

विद्यालय व्यवस्थापन समिति तथा
किबो इन्टरनेशनल स्कुल परिवार

# हार्दिक बधाई तथा शुभकमना

२०६६ को SLC परीक्षामा यस विद्यालयबाट सम्मिलित भई विशिष्ट श्रेणी र प्रथम श्रेणी एंव द्धितिय श्रेणीमा उर्तीण हुनु हुने सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै समुज्ज्वल शैक्षिक भविष्यको शुभकामना व्यक्त गर्दछु ।


निशान श्रेष्ठ
८१.१३%


देवराज दुवाडी
८२.१३%


निशा श्रेष्ठ
७९.१०%


राजाराम सापकोटा
७५.३९%


मनोज इटनी
७५.१३%


दिलबहादुर गुरुङ
७३.१३%


सागर सिग्देल
७१.२५%


अमर गुरुङ
७०.५%


रोशनी गुरुङ
५८.३७%

**बद्रीप्रसाद तिवारी**
**अध्यक्ष**
**विद्यालय व्यवस्थापन समिति**

## एड्भान्स एकेडेमी

**नीलकण्ठ–५, धादिङ**


# विधाङ र लाइपुरमा मोटर पुग्यो

**धुषा (धास) ।** धुषा गाउँ विकास समितिको वडा नम्बर २ चौकिदेखि वडा नम्बर ५ विधाङसम्मको मोटरबाटो निर्माण कार्य सम्पन्न भएको छ ।

फोकस नेपाल, जिल्ला विकास समिति धादिङ र धुषा गाविसको गरि ५० लाख रुपैयाँको लागतमा निर्माण सम्पन्न भएको उपभोक्ता समितिकाले जनाएको छ । मोटरबाटो निर्माणपछि गाउँमा पहिलो पटक मोटर पनि पुऱ्याइएको छ ।

गाउँमा यातायातको सुविधा भएपछि नेवार, चेपाङ, गुरुङ, दलित लगाउत करिव ४०० घर परिवार लाभान्वित हुने बताइएको छ । गाउँमा पहिलो पटक पुगेको बा १ ख ८६७१ नम्बरको मोटर र चालकलाई स्थानीयबासीले स्वागत गरेका धुषाबाट सुरेन्द्र विकले जानकारी दिनु भयो ।

यसैगरि महादेवस्थान गाउँ विकास समितिको वडा नम्बर ४ लाइपुरमा पनि पहिलो पटक मोटर पुगेको छ ।

गाउँमा मोटर पुगेपछि स्थानीयबासीले पञ्चैबाजा सहित सवारी साधनलाई पूजा गरेका छन् । स्थानीयबासीले गाउँमा पुगेको बा १ च ५३६३ का मोटर चालक तिलक मगर र बाटो खन्ने डोजरका अप्रेटर उत्तम रिजाललाई फूल अविरले स्वागत गर्नुका साथै नाचगान पनि गरेका थिए ।

त्यस क्षेत्रमा मोटरबाटो पुगेपछि लाइपुर, खर्क, पञ्चलिङ, कार्कीडाडा लगायतका स्थनीयबासीलाई सेवा पुग्ने सडक उपभोक्ता समितिका अध्यक्ष वुद्धिलाल तामाङले बताउनु भयो । बाटो उद्‌घाटन गर्ने क्रममा विभिन्न संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# १० जना प्रशिक्षक तयार भए

**बुढाथुम (धास) ।** किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी गराएर यसबाट सुरक्षित राख्न सहयोग पुऱ्याउने उद्देश्यले बद्रिविशाल उच्च मावि बुढाथुममा प्रशिक्षक-प्रशिक्षण तालिम सम्पन्न भएको छ ।

जिल्ला स्वास्थय कार्यालय धादिङको आयोजनामा भएको पाँचदिने तालिममा १० देखि १९ वर्ष भित्रका किशोर किशोरीहरुमा देखापर्ने शारीरिक, सामाजिक, मनोवैज्ञानिक र संवेगात्मक परिवर्तन, त्यसले पार्ने प्रभाव, किशोर किशोरहरुप्रतिको समाजको दृष्टिकोण र व्यवहार, किशोर किशोरहरुको आवश्यकता र चाहनालाई बुझि उनीहरुप्रति गरिने सकारात्मक व्यवहारका बारेमा जानकारी गराईएको थियो ।

त्यसैगरि तालिममा परिवार नियोजन, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, आकस्मिक गर्भनिरोधका बारेमा पनि प्रशिक्षार्थीहरुलाई जानकारी गराइएको थियो । तालिममा बुढाथम स्वास्थ्य चौकिका इञ्चार्ज यमबहादुर श्रेष्ठ र बद्रिविशाल उच्च माविका प्रधानाध्यापक चुडामणि अधिकारीले विषयवस्तु बारे जानकारी गराउनु भएको थियो ।

प्रशिक्षक-प्रशिक्षण तालिममा बुढाथुम, बसेरी र सल्यानटारका गरि १० जनाको सहभागिता रहेको थियो ।


# भर्ना खुल्यो !भर्ना खुल्यो !!

**धेरै पटक बोड फस्ट ल्याउन सफल देशका विदेशका मेडिकल कलेज तथा इन्जिनियरिङ कलेजहरूबाट छात्रवृत्ति प्राप्त गर्न सफल शिक्षामा परिचित संस्था पिनाकल एकेडेमी उच्च मा.वि. लगनखेलमा कक्षा ११ मा साइन्स, कमर्स र आर्टस विषयमा भर्ना खुल्यो ।**

**हाम्रा विशेषताहरू :-**

- शान्त र रमणीय वातावरण ।
- विगतका वर्षहरुमा उत्कृष्ट नतिजा ल्याउन सफल ।
- निरन्तर शैक्षिक क्षेत्रमा आवद्ध व्यक्तिहरुद्धारा सञ्चालित । आकर्षक छात्रवृत्तिको व्यवस्था ।

In Details :-

## पिनाकल एकेडेमी उच्च मा. वि.

**लगनखेल ललितपुर, फोन नम्बर-01 ५५४४0२३, 01 ५५२४७२३**
Website : www.pinnacle.edu.np

# Admission Open

**विगतका वर्षहरुमा सबै संकायमा शतप्रतिशत विद्यार्थी उत्तिर्ण गर्न सफल यस Edmark Acadamy प्रस्तुत गर्दछ.**

**नयाँ भर्ना आव्हान**

**न्युन शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्ने यस कलेजमा गरिब तथा जेहेन्दार विद्यार्थीको लागि छात्रवृत्तिको समेत व्यवस्था गरिएको छ ।**

**अध्यापन गराइने संकायहरु**

**विज्ञान, व्यवस्थापन र मानविकी साथमा,**
Sociology, Mass Communication And Journalsim, Travel And Tourism तथा Compuetr Science मा पनि अध्यापन गराइन्छ ।

**Edmark Academy Highr Secondery School**

**सम्पर्क :-**
कलंकी चोक, काठमाण्डौ (मकालु काउन्टर पछाडी)
**फोन नं.** ०१-४२७०८८१, ०१-४६७२७५९
**धादिङबाट आउने विद्यार्थीको लागि विशेष छुट**

# भर्ना खुल्यो !भर्ना खुल्यो !!

**पूर्णरुपमा नयाँ व्यवस्थापनका साथ सञ्चालित यस सिद्धार्थ कलेज कलंकी बाफलमा विज्ञान, व्यवस्थापन र मानविकी संकायमा नयाँ शैक्षिक सत्रका लागि भर्ना खुल्यो । यहाँ शान्त शैक्षिक वातावरणमा कम्प्युटर साइन्स, होटल म्यानेजमेन्ट तथा आम सञ्चार र पत्रकारीता विषयहरुमा समेत पढाइ हुन्छ । सिट सिमित छ, समयमै भर्ना भै आफ्नो सिट सुरक्षित गर्नुहोस् ।**

**सिद्धार्थ कलेज कलंकीमा धादिङ जिल्लाबाट SLC उत्तिर्ण गरेर विज्ञान संकायमा भर्ना हुने विद्यार्थीलाई विशेष छुटको व्यवस्था छ ।**

## सिद्धार्थ कलेज कलंकी बाफल, काठमाण्डौं

सम्पर्क ०१-४२७८६६२, ०१-४२८८६६


नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
सहकारी विभाग

## डिभिजन सहकारी कार्यालय

पत्र संख्या २०६६।०६७

**धादिङवेशी धादिङ**

मिति : २०६७०३।११

### विषय : सहकारी संस्थाहरुको दर्ता खारेज गरिएको सूचना ।

यस कार्यालय अर्न्तरगत संचालनमा रहेका सहकारी संस्थाहरुले सहकारी ऐन, नियम, विनियम तथा सिद्धान्त बमोजिम कार्य संचालन गर्नु पर्नेमा विगत २ वर्ष भन्दा अघि देखि सहकारी ऐन २०४८ को दफा ३४ बमोजिम विवरणहरु पेश नगरेको, वार्षिक साधारणसभा नगरेको संचालक समितिको बैठक समेत नबसी संस्था निष्कृय रहेको पाइएको हुँदा ऐनको दफा ४१ बमोजिम संस्था दर्ता खारेज किन नगर्ने ? खारेज गर्नु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ४५ दिन भित्र आवश्यक प्रमाणहरु पेश गर्नु हुन, अन्यथा यसै सूचनालाई आधार मानि सहकारी एने, नियम बमोजिम संस्थाको दर्ता खारेज गरिने भनी मिति २०६६।०६।२९ गते सम्बन्धित सहकारी संस्थामा पत्राचार गरि सोको बोधार्थ विषयगत सहकारी संघ, जिल्ल सहकारी संघ, स्थानीय गा.वि.स. कार्यालय र जि.वि.सको कार्यालयलाई दिइएको र मिति २०६६।१०।१८ गते सूचना प्रकासित गरिएकोमा हालसम्म संस्था संचालनमा रहेको भन्ने प्रमाण कार्यालयलाई प्राप्त हुन नआएकोले सहकारी ऐन २०४८ को दफा ४१ बमोजिम यस कार्यालयको मिति २०६७।३।११ को निर्णय अनुसार देहाए बमोजिमका सहकारी संस्थाहरुको दर्ता खारेज गरिएको छ । उल्लेखित संस्था संग कसैको लिनुदिनु पर्ने भए आजका मितिले ३ महिना भित्र स-प्रमाण कार्यालयमा दावी गर्न आउनु हुनेछ । म्याद नाघी परेको दाबी उपर कुनै कारबाही नहुने व्यहोरा समेत सम्बन्धीत सबैको लागि यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

| क्र.स. | सहकारी संस्थाको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | कार्य प्रकृती |
|---|---|---|---|---|---|
| १ | श्री अन्नपूर्ण सामाजिक स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लि. | बसेरी-५,धादिङ | २१२/०५६/५७ | २०५६/४ /९ | बचत/ऋण |
| २ | श्री समाज कल्याण सामाजिक स्वावलम्बन बचत तथा ऋण सहकारी संस्था लि., | तसर्पू-९, धादिङ | २०८/०५६/५७ | २०५६/३/१८ | बचत/ऋण |
| ३ | श्री नारी विकास समाज सहकारी संस्था लि. | मैदी-२,धादिङ | २०५/०५६/५७ | २०५६/३/१ | बहुउद्देश्यीय |
| ४ | श्री नेत्रावती बहुउद्देश्यीय सहकारी संस्था लि. | चैनपुर-२,धादिङ | २२४/०५६/५७ | २०५६/७/२२ | बहुउद्देश्यीय |
| ५ | श्री महालक्ष्मी तरकारी तथा फलफुल उत्पादन सहकारी संस्था लि. | ज्यामरुङ-२,धादिङ | १९/०६४/६५ | २०६४/४/३१ | तरकारी तथ फलफुल |
| ६ | श्री कालिका तरकारी तथा फलफुल उत्पादक सहकारी संस्था लि. | कल्लेरी ९, धादिङ | १०२२/०६३/६४ | २०६३/७/१ | तरकारी तथ फलफुल |
| ७ | श्री जनसेवा ग्रामिण विद्युत सहकारी संस्था लि. | नौबिसे-८, धादिङ | २३/०६४/६५ | २०६४/५/१६ | विद्युत |
| ८ | श्री धादिङ ग्रामिण विद्युत सहकारी संस्था लि. | नौविसे-८,धादिङ | ८५७/०६१/६२ | २०६२/३/१० | विद्युत |

**सहकारी अधिकृत**

# रानीमालामा वृक्षा रोपण

**गोगनपानी (धास) ।** पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न लागिएको रानीमाला चकमके क्षेत्रमा हरियाली प्रवर्धन गर्न आज विभिन्न प्रजातीका एक हजार विरुवा रोपिएको छ ।

पर्यटकिय क्षेत्र विस्तारमा सक्रिय रहेको गैर सरकारी संस्था चन्द्रज्योति एकिकृत ग्रामीण विकास समाज सिर्ड्स धादिङ र जिल्ला भू-संरक्षण कार्यालय धादिङको संयुक्त आयोजनामा भएको वृक्षा रोपण कार्यक्रममा रानीमाला पर्यटकिय विकास समिति, चकमके महिला समूह र रानीमाला ग्रामीण महिला समूहको पनि सहभागिता रहेको थियो ।

रानीमाला चकमके पर्यटकिय क्षेत्रमा बकाइनो, चाँप, राजवृक्ष, बडहर लगायत विभिन्न फलफूलका विरुवाहरु पनि रोपिएको गोगनपानीबाट भिमसेन लामाले जानकारी दिनु भयो ।

# स्वास्थ्य

## मेनेन्जाइटिस

मेनेन्जाइटिस एउटा सरुवा रोग हो । मेनेन्जाइटिस रोगका जीवाणुहरु मानिसको मस्तिष्कमा पुगेपछी यो रोगको लक्षण देखापर्छ । यो रोग लागेपछी मस्तिष्क र यसका अन्य भागहरुमा सुजन हुन्छ । यो रोगबाट बिरामी अपाङ्ग हुन सक्छ । यो रोगबाट बिरामीको मृत्युसमेत हुने सम्भावना हुन्छ । यो रोग छोटो समयमै धेरै व्यक्तिहरुमा लाग्नसक्छ ।

**रोग लाग्नुको कारण ?**

यो रोग मेनिन्गोकोकस वा न्युमोकोकस वा ग्रुप बी स्ट्रेप्टोकोकस वा ई.कोलाई नामक सूक्ष्म जीवाणु वा विभिन्न किसिमका विषाणु वा फसङ्गसको कारणले लाग्दछ ।

**रोग सर्ने तरिका :**

- यो रोग बिरामीसँगको प्रत्यक्ष सम्पर्कबाट निरोगी व्यक्तिमा सर्दछ ।

**रोगका लक्षणाहरु :**

- अचनाक अत्यधिक ज्वरो आउने, टाउको दुख्ने र बान्ता हुने ।
- घाँटी अररो हुने ।
- मांसपेशीहरु दुख्ने र कमजोर महसुर गर्ने ।
- काँप्ने, रिँगटा लाग्ने ।
- शरीरमा बिमिराहरु आउने ।

**बचने उपायहरु :**

यो रोग लाग्नबाट बच्न निम्न कुराहरुमा ध्यान दिनुपर्छ :

- काँचै खाने खानेकुराहरु जस्तै : मुला,गाँजर, काँक्रो तथा अन्य फलफूल आदि सफा पानीले राम्ररी पखालेर मात्र खाने ।
- बिरामीको हेरचाह गर्ने व्यक्तिले साबुनपानीले राम्ररी हात धुने ।
- खाना खानु र खुवानुअघि, दिसापिसाब गरेपछी र फोहोर वस्तु चलाएपछी साबुनपानीले राम्ररी हात धुने ।
- बिरामीको तथा बिरामीको हेरचाह गर्ने व्यक्तिले नङ काट्ने ।
- बिरामीले प्रयोग गरेका कपडाहरु राम्ररी धोई घाममा सुकाएर मात्र प्रयोग गर्ने ।

**जिल्ला स्वास्थ्य कार्यालय धादिङ**

# संसारको कुनै पनि मुलुकमा हुने अत्याचारको विरोध गर्नु माननीय धर्म हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# शुभकामना तथा हार्दिक बधाई

यस २०६६ सालको एस.एल.सी . परिक्षामा चिल्ड्रेनपार्क उच्च मा.वि.का छात्र श्री गजेन्द्र बस्नेतले ८९.८७ प्रतिशत अंक ल्याई जिल्ला प्रथम हुनुभएकोमा एवं अन्य छात्र छात्राहरुले उत्कृष्ट अंक ल्याई विशिष्ट श्रेणी, प्रथम श्रेणीमा शतप्रतिशत उर्तिण हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उज्जवल भविष्यको शुभकामना व्यक्त गर्दछौं ।


Gajendra Basnet (89.88%)


Santosh Ghimire (88.25 %)


Laxman Chapagain (88.25 %)


Uttamraj Khanal (88.12 %)


Saroj Rijal (87 %)


Binod Silwal (86.37 %)


Shishir Devkota (86 %)


Gaurab Shrestha(85.5 %)


Bibek Rijal (85.25 %)


Rakshya Bhattarai (82,25 %)


Randawa Dimdung (82.15 %)


Shyam K. Shrestha (82 %)


Raju Shrestha (82 %)


Dol Tamang (81.63 %)


Sanjog Duwadi (81.25 %)


Binju Adhikari (81 %)


Sita M Tamang (80.62 %)


Pulan Devi Tamang (80.25 %)


Nisha Shrestha (80 %)


Dev N. Shrestha(79. 5 %)


Asmita Khakural (79.2 %)


Salpa Lama (78.65 %)


Karan Lama (78.55 %)


Ishwor K. Shrestha (78.12 %)


Bipana Shrestha (78.3 %)


Mery Tamang (78 %)


Amrit Gurung (78 %)


Ram Gurung (77.37 %)


Akka Tamang (77 %)


Sandira Shrestha (76.75 %)


Dipendra Dahal (76.5 %)


Nisha Tamang (76 %)


Biraj Sidali (75.37 %)


Sunita Tamang (75 %)


Deepak Mamba(72 %)


Shanti Tamang (71 %)


Anita Thapa (66.5 %)

## श्री चिल्ड्रेनपार्क उच्च माध्यामिक विद्यालय परिवार

नीलकण्ठ-५,धादिङ

## २०६६ को एस.एल.सी. परिक्षाको धादिङको नतिजा विवरण

| क्र.स. | विद्यालयको नाम ठेगना | सम्मिलित संख्या | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्धितिय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण संख्या | उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री धादिङ आवासीय उ.मा.वि., धादिङवेंशी | ३३ | २४ | ९ | ० | ० | ३३ | १००।०० |
| २ | श्री व्लोमिङलोटस इ.मा.वि. जिवनपुर | ३० | १ | २३ | ६ | | ३० | १००।०० |
| ३ | श्री धुनिवेंसी इ.मा.वि. खानीखोला | २१ | ११ | १० | | | २१ | १००।०० |
| ४ | श्री सुनगाभा एकेडेमी धादिङवेंशी | २० | ३ | १७ | ० | ० | २० | १००।०० |
| ५ | श्री सुनौलाभैरवी मा.वी. सुनौलावजार | १७ | ५ | ११ | १ | | १७ | १००।०० |
| ६ | श्री ब्राईटफ्यूचर इ.मा.वि. मलेखु | १६ | २ | १३ | १ | | १६ | १००।०० |
| ७ | श्री द राइजिङभिलेज ई मा.वि. | १४ | २ | १२ | ० | ० | १४ | १००।०० |
| ८ | श्री किबो इ.मा.वि. धादिङवेंशी | १४ | ५ | ९ | ० | ० | १४ | १००।०० |
| ९ | श्री धादिङ एडभान्स एकेडेमी धादिङवेंशी | ९ | २ | ६ | १ | ० | ९ | १००।०० |
| १० | श्री शान्तीदिप ऐकेडेमी, नौबिसे | ५ | ० | ५ | ० | ० | ५ | १००।०० |
| ११ | श्री चिल्ड्रेनपार्क आ.उ.मा.वि. धादिङवेंशी | ३७ | १८ | १८ | | | ३६ | ९७।३० |
| १२ | श्री दशरथ चन्द्र मा.वि. छत्रेदेउराली | २४ | ५ | १६ | १ | ० | २२ | ९१।६७ |
| १३ | श्रीमुनाल एकेडेमी गजुरी | २४ | ० | २ | १९ | | २१ | ८७।५० |
| १४ | श्री रि गाउँ मा.वि. रि | १४ | ० | ३ | ९ | ० | १२ | ८५।७१ |
| १५ | श्री भिमदय मा.वि. आगिञ्चोक | १४ | ० | ३ | ९ | ० | १२ | ८५।७१ |
| १६ | श्री चुलिदेवी मा.वि. सल्यानकोट | ४० | १ | ९ | २३ | ० | ३३ | ८२।५० |
| १७ | श्री काकी गाउँ मा.वि. सल्यानकोट | ३८ | ० | ३ | २७ | १ | ३१ | ८१।५८ |
| १८ | श्री कालिका मा.वि. ढोला | २१ | ० | ४ | १२ | १ | १७ | ८०।९५ |
| १९ | मा.वि. नीलकण्ठ महेन्द्र मा.वि. | ३६ | ० | ६ | २३ | ० | २९ | ८०।५६ |
| २० | श्री पशुपती मा.वि. साङ्कोष | ३८ | ० | ७ | २३ | ० | ३० | ७८।९५ |
| २१ | श्री भुवनेश्वरी मा.वि. जिवपुर | ३२ | १ | १२ | १२ | ० | २५ | ७८।१३ |
| २२ | श्री भुवनेश्वरी मा.वि. चैनपुर | २७ | १ | ११ | ९ | २१ | ० | ७७।७८ |
| २३ | श्री नीलकण्ठ उ.मा.वि. धादिङवेंशी | २०२ | ० | ४९ | १०५ | २ | १५६ | ७७।२३ |
| २४ | श्री देउराली मा.वि. मु.भ. | ६४ | ० | १२ | ३५ | २ | ४९ | ७६।५६ |
| २५ | श्री गणेशकुण्ड मा.वि. दार्खा | ५० | ० | ५ | ३० | ३ | ३८ | ६७।०० |
| २६ | श्री संस्कृत मा.वि. मैदी | ३३ | ० | ९ | १५ | १ | २५ | ७५।६७ |
| २७ | श्री महालक्ष्मी मा.वि. धुँवाकोट | ७४ | ० | १७ | ३९ | ० | ५६ | ७५।६८ |
| २८ | श्री बद्रिविशाल उ.मा.वि. बुढाथुम | ९३ | ० | ७ | ६१ | १ | ६९ | ७४।१९ |
| २९ | श्री सरस्वती मा.वि. धुँवाकोट | १०१ | ० | १३ | ५४ | ७ | ७४ | ७३।२७ |
| ३० | श्री जनकल्याण मा.वि. वैरेनी | ४१ | ० | ८ | २२ | ० | ३० | ७३।१७ |
| ३१ | श्री मण्डली उ.मा.वि. फुलखर्क | ८५ | ० | १६ | ४६ | ० | ६२ | ७२।९४ |
| ३२ | श्री साङकोष मा.वि. साङ्कोष | ५८ | ० | २ | ३६ | ४ | ४२ | ७२।४१ |
| ३३ | श्री सुन्दरी मा.वि. आगिन्चोक | ३१ | ० | २ | २० | ० | २२ | ७०।९७ |
| ३४ | श्री निरञ्जना उ.मा.वि. मार्पाक | ७२ | १ | ८ | ३८ | ४ | ५१ | ७०।८३ |
| ३५ | श्री महेशधर्म उ.मा.वि.जिवनपुर | ३४ | ० | ५ | १८ | १ | २४ | ७०।५९ |
| ३६ | श्री किराञ्चोक कटुञ्जे मा.वि. किरान्चोक | ३० | ० | ६ | १५ | ० | २१ | ७०।०० |
| ३७ | श्री बराहकालिका मा.वि. ढोला | ४६ | ० | ७ | २१ | ४ | ३२ | ६९।५७ |
| ३८ | श्री किरान्चोक मा.वि. किरान्चोक | ३६ | ० | ४ | २१ | ० | २५ | ६९।४४ |
| ३९ | श्री प्रकाश मा.वि. खाल्टे | १९ | ० | ० | १३ | ० | १३ | ६८।४२ |
| ४० | श्री सल्यानटार मा.वि. सल्यानटार | ३४ | ० | ६ | १६ | १ | २३ | ६७।६५ |
| ४१ | श्री लापा मा.वि. लापा | ९ | ० | ० | ६ | ० | ६ | ६६।६७ |
| ४२ | श्री अचने उ.मा.वि. खहरे | ११० | ० | ११ | ६० | २ | ७३ | ६६।३६ |
| ४३ | श्री महांकालेश्वरी मा.वि. थात्रे | ५३ | १ | ६ | २६ | २ | ३५ | ६६।०४ |
| ४४ | श्री मिन्दुका मा.वि. नलाङ | ३५ | ० | ५ | १७ | १ | २३ | ५६।७१ |
| ४५ | श्री ज्योती मा.वि. केवलपुर | १०५ | २ | १८ | ४४ | ५ | ६९ | ६५।७१ |
| ४६ | श्री भैरवी उ.मा.वि. सुनौलाबजार | ५५ | ० | ७ | २६ | २ | ३५ | ६३।६४ |
| ४७ | श्री महादेवस्थान मा.वि. जिवनपुर | २२ | ० | ४ | १० | ० | १४ | ६३।६४ |
| ४८ | श्री बच्छलादेवी उ.मा.वि सत्यदेवी | ५१ | ० | ४ | २५ | २ | ३१ | ६०।७८ |
| ४९ | श्रीमहाकालीमा.वि. कुम्पुर | ४३ | ० | ७ | १९ | ० | २६ | ६०।४७ |
| ५० | श्री सल्यानकोट मा.वि. आगिन्चोक | ४५ | ० | २ | २५ | ० | २७ | ६०।०० |
| ५१ | श्रीगोगनपानी मा.वि. गोगनपानी | २७ | ० | २ | १३ | १ | १६ | ५९।२६ |
| ५२ | श्री सत्यवती उ.मा.वि आदमघाट | १६५ | ० | २५ | ६७ | ५ | ९७ | ५८।७९ |
| ५३ | श्री तामाङखर्क मा.वि. गुम्दी | ७० | ० | ३ | ३५ | ३ | ४१ | ५८।५७ |
| ५४ | श्री महाकाली उ.मा.वि. सिम्ले | १४२ | ० | ११ | ६७ | ५ | ८३ | ५८।४५ |
| ५५ | श्री त्रिपुर सुन्दरी मा.वि. सल्यानकोट | २४ | ० | १ | १३ | ० | १४ | ५८।३३ |
| ५६ | श्री सालवास उ.मा.वि. चैनपुर | ४७ | २ | ९ | १६ | ० | २७ | ५७।।४५ |
| ५७ | श्री स्थानपति मा.वि. ज्यामरुङ | २३ | ० | २ | ११ | ० | १३ | ५६।५२ |
| ५८ | श्री शमिभञ्ज्याङ उ.मा. मैदी | ८५ | ० | १६ | २४ | ८ | ४८ | ५६।४७ |
| ५९ | श्री शंखादेवी मा.वि. ज्यामरुङ | ६३ | ० | ६ | २९ | ० | ३५ | ५५।५६ |
| ६० | श्री कर्णेश्वर मा.वि. सुनौलावजार | ४४ | ० | ४ | १७ | ३ | २४ | ५४।५५ |
| ६१ | श्री गजुरी पिडा मा.वि. पिडा | १५ | ० | ० | ७ | १ | ८ | ५३।३३ |
| ६२ | श्री महेन्द्रोय मा.वि. मुलपानी | ५१ | ० | ३ | २१ | ३ | २७ | ५२।९४ |
| ६३ | श्री लामागुरु मा.वि. नीलकण्ठ | २३ | ० | ० | ११ | १ | १२ | ५२।१७ |
| ६४ | श्री वागेश्वरी उ.मा.वि. रिचोकटार | १०५ | २ | १८ | ३३ | १ | ५४ | ५१।४३ |
| ६५ | श्री सुनखानी मा.वि. चौनपुर | २९ | ० | १ | १३ | ० | १४ | ४८।२८ |
| ६६ | श्री आदर्श उ.मा.वि. गजुरी | ८४ | ० | ८ | ३० | २ | ४० | ४७।६२ |
| ६७ | श्री वागेश्वरी उ.मा.वि.बैरेनी | ९५ | ० | १३ | ३० | २ | ४५ | ४७।३७ |
| ६८ | श्री रानीपौवा उ.मा.वि. सल्यानटार | ८८ | २ | ७ | २२ | ९ | ४० | ४५।४५ |
| ६९ | श्री मुक्रादेवी मा.वि. सेर्तुङ | २२ | ० | ० | ८ | २ | १० | ४५।४५ |
| ७० | श्री महेन्द्रोदय मा.वि. छत्रेदेउराली | ८५ | ० | ९ | २४ | ४ | ३७ | ४३।५३ |
| ७१ | श्री चण्डेश्वरी उ.मा.वि. मु.भ. | ६९ | ० | ६ | १८ | ६ | ३० | ४३।४८ |
| ७२ | श्री सरस्वती मा.वि. कल्लेरी | २६ | ० | १ | ९ | १ | ११ | ४२।३१ |
| ७३ | श्री कालीदेवी मा.वि. सलाङ | २९ | ० | ० | ११ | १ | १२ | ४१।३८ |
| ७४ | श्री कुण्डलादेवी मा.वि.कटुन्जे | ४४ | ० | ० | १५ | ३ | १८ | ४०।९१ |
| ७५ | श्री डोलभञ्ज्याङ मा.वि पिडा | २५ | ० | १ | ८ | १ | १० | ४०।०० |
| ७६ | श्री वागवच्छला मा.वि. कुम्पुर | २५ | ० | १ | ८ | १ | १० | ४०।०० |
| ७७ | श्री जनजागृती मा.वि. कटुन्जे | ४३ | ० | ३ | १३ | १ | १७ | ३९।५३ |
| ७८ | श्री महांकालेश्वरी मा.वि. जिवनपुर | १८ | ० | १ | ५ | १ | ७ | ३८।८९ |
| ७९ | श्री महेन्द्रवाराही मा.वि. कटुन्जे | ३४ | ० | २ | १० | १ | १३ | ३८।२४ |
| ८० | श्री चन्द्रोदय उ.मा.वि. जिवनपुर | १०६ | ० | १० | २५ | ३ | ३८ | ३५।८५ |
| ८१ | श्री सिद्धेश्वर उ.मा.वि. नलाङ | १०९ | १ | ५ | २५ | ५ | ३६ | ३३।०३ |
| ८२ | श्री महाकाली मा.वि. तसर्पु | ५३ | ० | ० | १७ | ० | १७ | ३२।०८ |
| ८३ | श्री शंखादेवी मा.वि. माभिञमटार | ८५ | ० | १ | १५ | १ | १७ | २९।३१ |
| ८४ | श्री महेन्द्रदय मा.वि. राक्सीङ | २४ | ० | २ | ५ | ० | ७ | २९।१७ |
| ८५ | श्री मच्छिन्द्र उ.मा.वि. खानीखोला | ९१ | ० | १२ | १४ | | २६ | २८।५७ |
| ८६ | श्री पञ्चकन्या मा.वि. खाल्टे | ४२ | ० | ४ | ७ | १ | १२ | २८।५७ |
| ८७ | श्री त्रिपुरा सुन्दरी मा.वि. खाल्टे | ८१ | ० | ४ | १९ | ० | २३ | २८।४० |
| ८८ | श्री पिपलभञ्ज्याङ मा.वि. महादेवस्थान | १७ | ० | १ | ४ | २ | ७ | २५।९३ |
| ८९ | श्री चौतारा मा.वि. सेमजोङ | ६० | । | १ | ११ | ३ | १५ | २५।०० |
| ९० | श्री कालिका मा.वि. धुण्ा | २५ | ० | १ | २ | ३ | ६ | २४।०० |
| ९१ | श्री महेन्द्रोदय कालिका मा.वि. खाल्टे | ३४ | ० | १ | ७ | ० | ८ | २३।५३ |
| ९२ | श्री अमरआदर्श मा.वि. सलाङ | २६ | ० | १ | ४ | १ | ६ | २३।०८ |
| ९३ | श्री किरान्चोक काकिंडाडा मा.वि. वैरेनी | ५७ | ० | २ | १० | १ | १३ | २२।८१ |
| ९४ | श्री कल्लेरी मा.वि. कल्लेरी | ३१ | ० | ३ | ४ | ० | ७ | २२।५८ |
| ९५ | श्री अकलादेवी मा.वि. सलाङ | ३१ | ० | ० | ३ | ० | ३ | ९।६८ |
| ९६ | श्री डिल्लीसावित्री मा.वि. नौविसे | ३२ | ० | ० | ३ | ० | ३ | ९।३८ |
| | जम्मा | ४६५२ | ९२ | ६५२ | १८१० | १३२ | २६८६ | ५७।७४ |

## होटल व्यवसायीहरुले एक दिन होटल वन्द गरे

**धादिङवेशी (धास) ।** विभिन्न समयमा हुने गरेका आक्रमण र तोडफोडको विरोध गर्दै सदरमुकाम धादिङवेसीमा रहेका होटल व्यवसायीहरुले एक दिन होटल वन्द गरेर दोषि माथि कारवाहीको माग गरेका छन् । असार १२ गते वेलुकी केहि व्यक्तिहरुले मिलनटोलमा रहेको आर.के गेष्ट हाउसमा तोडफोड गरी होटलमा क्षती पुर्‍याईदिएको विरोधमा होटल व्यवसायीहरुले असार १३ गते होटल वन्द गरेर दोषि माथि कारवाहीको माग गरेका हुन ।

होटल व्यवसायी संघ धादिङको आव्हानमा धादिङवेसीका होटल व्यवसायीहरुले दोषि माथि कारवाहीको माग गर्दै दिउंसो १२ वजे देखि भोलिपल्ट विहान ६ वजे सम्मका लागि होटल वन्द गराएका थिए । यसै गरि घटनाको विरोध गर्दै होटल व्यवसायीहरुले धादिङवेसी वजार परिक्रमा गरी विचवजारचोकमा कोण सभा समेत गरेका थिए । कोण सभालाई होटल व्यवसायी अशोक अधिकारी, विश्वराम दुवाडी, तिर्थ धिताल लगायतले सम्वोधन गर्दै आगामी दिनमा होटल व्यवसायको सुरक्षा हुनुपर्ने वताएका थिए ।

पटक पटक होटवल व्यवसायमा हुने गरेको तोडफोडमा संलग्न भएकालाई कारवाही नभएकै कारण यस्तो घटनाले निरन्तरता पाएको भन्दै उनिहरुले घटनामा संलग्न जुन सुकै पक्षको भएपनि कारवाही गर्न प्रहरी प्रशासनले तत्परता देखाउनुपर्ने बताएका थिए ।

## वृक्षारोपण सम्पन्न

**सुनौलाबजार (धास) ।** सुनौलाबजार गाउँ विकास समिति वडा नम्वर ७ को राम्चेपाखा सामुदायिक वन क्षेत्रमा वृक्षरोपण गरिएको छ ।

जिल्ला वन कार्यालय धादिङ र सामुदायिक वन उपभोक्ता महासंघ धादिङको संयुक्त आयोजनामा भएको वृक्षरोपण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भरत पौडेलले चापको विरुवा रोपेर उद्घाटन गर्नुभएको हो । बृक्षरोपण उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी पौडेलले नाङ्गा डाँडापाखामा वृक्षरोपण गरी हरीयाली बनाउनु पर्ने बताउँदै रोपिएका विरुवाहरुलाई संरक्षणको लागि स्थानीय उपभोक्ताहरुले विशेष ध्यानपुर्‍याउनुपर्ने कुरामा जोड दिनुभयो । त्यसैगरी कार्यक्रममा जिल्ला वन अधिकृत दिवाकर पाठक, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल जिल्ला महासंघ धादिङका अध्यक्ष कविता इटनी तथा राम्चेपाखा सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष रामप्रसाद कोइरालाले वृक्षरोपण कार्यक्रमको विषयमा आवश्यक जानकारी गराउनुभएको थियो । राम्चेपाखा सामुदायिक वन क्षेत्रमा चाप, सिसौं, खयर तथा बकाइनो जातका ८ सय विरुवा रोपिएका छन् ।

सामुदायिक वन विकास कार्यक्रमको वन महोत्वस अन्तर्गत बृक्षरोपण कार्यक्रम गरिएको जिल्ला वन कार्यालय धादिङले जनाएको छ । राम्चेपाखा सामुदायिक वन उपभोक्ता समुह सुनौलाबजार ७ का अध्यक्ष रामप्रसाद कोइरालाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्थानीय बन उपभोक्ताहरु, जिल्ला भू संरक्षण कार्यालयका प्रमुख कृष्ण घिमिरे, जिल्ला वन कार्यालयका सहायक वन अधिकृत कृष्णप्रसाद अधिकारी, बाबुराम अर्याल, रेञ्जर टंकनारायण श्रेष्ठ, लगायत विभिन्न संघ/संस्थाका प्रतिनिधि एवं राजनीतिक दलका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

यसैगरी मैदी गाउँ विकास समिति वडा नम्वर ३ को गाइखुरे पाखा धारापानी पौवाको खाली क्षेत्रमा विहिवार बृक्षरोपण गरिएको छ । सहायक वन अधिकृत बाबुराम अर्यालको प्रमुख आतिथ्यमा भएको बृक्षरोपण कार्यक्रममा चाप, बकाइनो, टाकी, खयर जातका ८ हजार विरुवा लगाइएको थियो । विष्टारी जलदेवि सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष राम्जी श्रेष्ठको अध्यक्षतामा भएको वृक्षरोपण कार्यक्रममा राष्ट्रिय संरक्षण तथा विकास केन्द्र एन.सि.डि.सीका कार्यक्रम संयोजक मोहन केशी, रेञ्जर चन्द्र बहादुर नेपाली, भूमिरमण नेपाल लगायतको उपस्थिति रहेको थियो । जिल्ला वन कार्यालय र जिल्ला भू संरक्षण कार्यालय धादिङले उपलब्ध गराएको विरुवा वन महोत्सवको अवसरमा रोपिएको थियो ।

## फूटवलमा टाउकाको गोल र कान्ला मुनिको अधिवेसन ...



✍ ... राजाराम शर्मा

dhadingawaj.com

(के ?) .. लाई भन्दा देख्नेलाई लाज भने जस्तै भयो सामुदायिक वन उपभोक्ता महासंघ धादिङको अधिवेशन । अहिले सर्वत्र विश्वकप फुटवलको चर्चा छ । किन भने विश्वकप फुटवल चलिरहेको छ । भन्दा फुटवल भनिन्छ तर खेलाडीले अधिकांश गोल टाउकोले गरिरहेका हुन्छन् । खेलमा खुट्टा भन्दा बढि टाउको प्रयोग गर्छन । अब खेलको नियममा नै टाउकोले पनि हान्न पाउने भएपछि किन नहान्नु खेलाडी ले ? त्यस्तै भयो सामुदायिक वन उपभोक्ता महासंघको अधिवेशन पनि । छलेरै भए पनि वानापत्र दुरुस्त पारे पछि चाहे त्यो लुकेर कान्ला मुनि गरियोस चाहे खुल्ला मैदानमा कागजपत्र मिलाउन मात्र दुःख गरेपछि सायद बैद्यानिकता पनि पाईएला ।

मलाई याद छ। केयर नेपालको सहयोगमा रिम्स नेपालले धादिङ जिल्लाका सबै गाउँ विकास समितिमा रहेका सबै सामुदायिक वनमा सगुन भन्ने कार्यक्रम सञ्चालन भएको थियो । एक वर्ष जति मात्रै भयो कार्यक्रम सकिएको । त्यसमा एउटा नारा सबै वन उपभोक्तालाई सिकाएको थियो- "पारदर्शीता, ईमान्दारिता,जिम्मेवारीता र जवाफदेहिता" । सायद यो सामुदायिक वनमा सुशासनको लागि तयार पारिएको नारा थियो । तर कार्यक्रम सकिएको वर्षदिन पनि नवित्दै यिनै सामुदायिक वनका नेता ती शब्द र त्यो नारा भुले अनि सबैको अगाडि वे उपसर्ग लगाएर कान्लामुनि अधिवेसन गरे ।

व्यवहारमा ईमान्दारिता र आत्मविश्वास भए लुक्न पर्दैन । खुल्ला मैदानबाटै साथ र सहयोग पाइन्छ । तर जुन तरिकाले यसपालीको अधिवेशन गरियो त्यसले हाम्रो शीर निहुरिएको छ। सँगै केही अनुत्तरीत प्रश्नहरु पनि जन्माएको छ । मेरा एक मित्र फुटवलको कुरा हामीले गर्‍यौं भने कि त मुन्टो अन्तै बटार्छन, कि त प्रतिकार गरिहाल्छन्....सात समून्द्र पारी भएको फुटवलको चर्चा धादिङवेसीको चिया पसलमा किन गरेको ? त्यसमा हाम्रो कहाँ सहभागिता छ भनेर । हामी अनुत्तरित हुन्छौं । हुन पनि हो त्यसमा हाम्रो कहाँ सहभागिता छ र ? त्यस्तै एउटा संघको भनौं या संस्थाको अधिवेसन कान्लामुनि लुकेर भए पनि या खुल्ला मैदानमा भए पनि के को चासो । सायद फुटवलको कुरा सुन्न नचाहने मित्रले झैं कसैले यो अधिवेसनको चासो नलिन पनि भन्लान्, अर्काको पकेटमा परेको संस्थाको किन कुरा गर्नु पनि भन्लान् तर सकिन्न त्यसरी । सामुदायिक वन आन्दोलनले सफलता पाउन र संघले पनि गति पाउन सबै उपभोक्ताहरुको श्रम र पसिनाले सहयोग गरेको छ । आफ्नो क्षणिक स्वार्थको लागि कसैले आम उपभोक्ताहरुलाई बन्धक बनाउन पाउँदैन । सामाजिक संघ/संस्था कसैको पेवा बन्न सक्दैन र कसैले पेवा बनाउन खोज्ने कुचेष्टा पनि गर्नु हुँदैन । यो सर्वव्यापी सिद्धान्त र मान्यता हो र पनि हाम्रो समुदायमा यो पूर्ण रुपमा कार्यान्वयन हुन सकिरहेको छैन । यसको सामान्य उदाहरण महासंघ अधिवेशनलाई लिन सकिन्छ । हामी सामाजिक मूल्य, मान्यता र सहमतीलाई अंगिकार गरेर हिंड्ने कहिलेबाट ? यो प्रश्नको रुपमा उब्जिएको छ कम्तिमा पनि ग्रामीण समाजमा जीवन गुजारा गर्नेहरुलाई पारदर्शीता, इमान्दारिता, जिम्मेवारीता र जवाफदेहिताको पाठ पढाउनेहरुले त यसलाई व्यवहारमा उतारौं ।

## ढुङ्गा गिट्टी कुट्नेलाई कापी कलम व्याग

**रामचन्द्र रुपाखेती, (महादेबबेशी धास)** । आग्राखोला किनारमा पालटांगेर सपरिवार रोडाढुङामा कामगर्ने मजदुरका १७१ जना बाललालिकाहरुलाई बाल श्रमबाट छुटाई शिक्षाको मुलधारमा ल्याउन थाक्रे-३, लप्सेबगरमा छात्रवृत्ति हस्तान्तरण गरिएको छ ।

एपिसि नेपाल र शंकर प्रोजेक्ट बेल्जियमको सहयोग र सामाजिक प्रगतिका निम्ति युवाको अभियान नेपाल (युक्याप्स नेपाल) को आयोजनामा सञ्चालित बालश्रमिकहरुका लागि शैक्षिक सहयोग कार्यक्रम अन्तर्गत जिल्लाको तिनओटा विद्यालयमा भर्नागराई छात्रवृत्ति वितरण गरिएको हो । जनजागृति मा.वि. महादेववेशी मा ८० जना, अमखु निमावि भुमेस्थान -३ मा २४ जना र लितिमहांकाल तसर्पु मा ६७ जना रहेका छन् ।छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरुले विद्यालयमा लाग्ने सम्पुर्ण खर्च पोसाक आवश्यक पाठ्यपुस्तक व्याग लगाएतका सामाग्री प्रदान गरिएको युक्याप्स नेपलका कार्यक्रम संयोजक सानु गिरी ले बताउनुभयो । छात्रवृत्ति हस्तान्तरण कार्यक्रममा एपिसी नेपलका कार्यकारी निर्देशक विकेस कायस्थ तथा गैसस महासंघ धादिङका सचिव गोकर्ण रुपाखेतीले कार्यक्रमको बारेमा मन्तव्य राख्नुभएको थियो ।

### साना किसान कृषि सहकारी संस्था लि. चैनपुर धादिङबाट ऋणलिई ऋण नतिर्ने ऋणिहरुलाई ऋण तिर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**यस साना किसान कृषि सहकारी संस्था लि. चैनपुर धादिङबाट विभिन्न मिति र उद्देश्यमा लगानी गरीएका ऋण सम्बन्धित तपसिलका ऋणिहरुलाई पटक पटक ताकेता गर्दा पनि निजहरुबाट असुल हुन नसकेकोले संस्थाको मिति २०६६/६/२५ को निर्णय अनुसार ३५ दिने मिति २०६६/१०/२८ को निर्णय अनुसार १५ दिने र मिति २०६७/०१/०२ को निर्णय अनुसार ७ दिने ऋण असुली ताकेता पत्र द्धारा ताकेता गर्दा पनि हाल सम्म सम्बन्धित ऋणीहरुबाट ऋण असुल हुन नआएकोले यस संस्थाको मिति २०६७/०३/०८ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार ऋण बुझाउन ल्याउने बारेको यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तपसिलमा उल्लेख भए अनुसारका ऋणीहरुले यस संस्थाबाट लिएको ऋणको नियमानुसार साँवा र व्याज बुझाउन ल्याउनुहुन अनुरोध छ । अन्यथा यस संस्थाको ऋणलगानी, असुली कार्याविधि, संस्थाको विनियम, ऋण कारोवार गर्दाको कबुलियतिनामामा उल्लेख भए अनुसारको कानून बमोजिम धितो लिलाम गरी ऋण असुली गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ ।**

**तपसिल**

| क्र.स. | ऋणिको नामथर | ऋणिको ठेगाना | बाबु/पति | बाजे/ससुरा |
|---|---|---|---|---|
| १ | धनबहादुर दमै | चैनपुर ३ | गोरे दमै | सेते दमै |
| २ | तारा नाथ दनै | चैनपुर ३ | कमलीकान्त दनै | छन्दलाल दनै |
| ३ | मेघनाथ दनै | चैनपुर ३ | पशुपतिनाथ दनै | हरिलाल दनै |
| ४ | सुकमाया नेपाली | चैनपुर ५ | डुमे नेपाली | लक्ष्मण नेपाली |
| ५ | विष्णु माया पाठक | चैनपुर ७ | पूर्ण ब. पाठक | भक्त ब. पाठक |

**साना किसान कृषि सहकारी संस्था लि.**
**चैनपुर, धादिङ**

## चित्रगुप्तको चक्षु

### लाज लाग्यो है लाज

**यसपटक चित्रगुप्त सरकारी कार्यलयको भ्रमण गर्ने क्रममा सबैभन्दा बढी आर्थिक कारोबार हुने ठाउँमा पुग्यो । जनताहरुले सब चासो पर्ने ठाउँहरुमा गनिएको टाँसिएको सुचना देखेर चित्रगुप्ता तिनछक पर्‍यो । कार्यक्रममा नबोलाउनु है भन्ने बेबारीसे सुचना टाँस भएको कार्यालय सम्भवत अहिले सम्मकै पहिलो होला जहाँ चित्रगुप्ता पुग्यो । हेर्नेलाई भन्दा देख्नेलाई लाज भने झै यी दृष्य देखेर चित्रगुप्तलाई लाग्नु लाज लाग्यो । मुख छोपौँ भने आफ्नै नछोपुँ भने समाजको गिल्ली भन्दै चित्रगुप्ता आफ्नै गन्तव्यतिर लाग्यो ।**


**प्रतीक कम्प्यूटर मर्मत केन्द्र**

यहाँ हरेक किसिमका कम्प्यूटर, प्रिन्टर, यू.पि.एस. एवं कम्प्यूटर सम्बन्धि सम्पूर्ण पार्टपुर्जाहरु पाइनुका साथै मर्मत सेवा उपलब्ध छ ।



**तिलक क्षेत्री**
**फोनः ९८४१६५६१११,**
९७५१०९७७७८
**धादिङबेसी बीचबजार,**
**राष्ट्रिय वाणिज्य बैक संगैको तल्लो घर**

**के तपाइलाई थाहा छ ?**

विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, गाइड, गेसपेपरका साथै स्टेशनरी सामानहरु र मोवाईलको रिचार्जकार्डहरु यहा पाइन्छ।
साथै कस्मेटिक सम्बन्धी सम्पूर्ण सामाग्रीहरु पनि पाइन्छ।

**प्रो. राजन लम्साल**
**राजन स्टेशनरी एण्ड गिफ्ट ग्यालरी**
**मुरलीभञ्ज्याङ-७, निगालपानी**
**सम्पर्क : ९८४१७१७८५८, ९८४१६५६६५३**

**हामीलाई सम्झनुहोस**

कान्तिपुर दैनिकका अधिकृत विक्रेता, विभिन्न विद्यालयका पाठ्पुस्तक, उच्च मावि तथा क्याम्पसका पुस्तकहरु, स्टेशनरी सामानहरु, मेरो मोवाईलको सिमकार्ड, रिचार्जकार्ड, कुरीयर सेवा, यसको साथै उच्च मावि बोर्ड, त्रिवि बोर्ड, एस.एल.सी बोर्डबाट मार्कसिट, ट्रान्सक्रिप्ट, माईग्रेसन निकाल्नु परेमा हामीलाई सम्झनुहोस् ।

**प्रो. नारायणकुमार श्रेष्ठ**
**त्रिपुरा पुस्तक पसल धादिङवेसी**
**फोन नं : ०१०-५२०१९०, मो नं. ९८५१०१३३८७**


**पत्रिकाको ग्राहक बन्नु परेमा, पत्रिकामा विज्ञापन दिनु परेमा वा पत्रिका समयमा उपलब्ध नभएमा वा कुनै सल्लाह, सुझाव भएमा र समाचार लेख रचना पठाउनु परेमा निम्न ठेगानामा सम्पर्क राख्नुहोला ।**


**धादिङ आवाज साप्ताहिक**

नीलकण्ठ-५,धादिङबेसी, ०१०५२०६१५,
dhadingvoice@gmail.com, web: dhadingawaj.com.np